# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ५९३/०८०-८१** **प्रकाशन मिति: २०८०/०८/२७**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम र राष्ट्रिय मानव अधिकार सेवाको हकमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (संशोधन सहित) को नियम ३१ र ३२ बमोजिम संभाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति **२०८०।१०।०२** सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा तथा राष्ट्रिय मानव अधिकार सेवाको लागि राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ। साथै राष्ट्रिय मानव अधिकार सेवाको लागि पर्न आएका दरखास्तहरु राष्ट्रिय मानव अधिकार आयोगको बढुवा समितिको सचिवालयले व्यवस्थापन गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।
(ग) निजामती सेवा नियमावली, २०५० को नियम ७६ वा नियम ८८ बमोजिम योग्यता पुरा भएको हनुपर्नेछ।
(घ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
(च) दरखास्तसाथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(ज) दरखास्त दस्तुर रु.१,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।

### विवरण

**(क) निजामती सेवातर्फ**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १५९/०८०-८१ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प. तृतीय | १४(चौध) |
| २. | १६०/०८०-८१ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प. तृतीय | ४(चार) |
| ३. | १६१/०८०-८१ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | ४(चार) |
| ४. | १६२/०८०-८१ | शाखा अधिकृत वा सो सरह, परराष्ट्र, रा.प. तृतीय | ३(तीन) |
| ५. | १६३/०८०-८१ | शाखा अधिकृत वा सो सरह, प्रशासन, सामान्य प्रशासन, रा.प. तृतीय | ५०(पचास) |
| ६. | १६४/०८०-८१ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प. तृतीय | १४(चौध) |
| ७. | १६५/०८०-८१ | शाखा अधिकृत वा सो सरह, प्रशासन, राजस्व, रा.प. तृतीय | १०(दश) |
| ८. | १६६/०८०-८१ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प. तृतीय | ७(सात) |

**(ख) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १. | १६७/०८०-८१ | मानव अधिकार अधिकृत, राष्ट्रिय मानव अधिकार, अधिकृत तृतीय | १(एक) |
| २. | १६८/०८०-८१ | लेखा अधिकृत, राष्ट्रिय मानव अधिकार, अधिकृत तृतीय | १(एक) |

## राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ५९४/०८०-८१**

निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणीका खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली

| | | |
|---|---|---|
| ६. | १६७००/०८०-८१ | अ |
| ७. | १६७०१/०८०-८१ | पिछ्<br>६ |

(ग) अधिकृत तृतीय श्रेणी, राष्ट्रिय मानव

| क्र.सं. | विज्ञापन नम्बर | वि<br>समा |
|---|---|---|
| १. | १६७०२/०८०-८१ | |
| २. | १६७०३/०८०-८१ | आ<br>ज |

**रा.प.तृतीय श्रेणी न्याय सेवाको संयु**

| पत्र |
|---|
| प्रथम पत्र |
| द्वितीय पत्र |
| तृतीय पत्र |

**राजपत्राङ्कित तृतीय श्रेणी एकीकृत वि**

| चरण/ पत्र |
|---|
| **प्रथम चरण**/प्रथम पत्र |
| **द्वितीय चरण : *(प्रथम चरणको परीक्षा*** |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) |
| चतुर्थ पत्र (प्रशासन, संघीय संसद र लेखापरीक्षण सेवाका लागि) |
| परराष्ट्र सेवा |

**राष्ट्रिय मानव अधिकार सेवा, अधि**

| पत्र |
|---|
| मानव अधिकार अधिकृत |

**परीक्षाको किसिमः-**

**परीक्षा केन्द्रः-**

**दरखास्त दस्तुरः-**

**दरखास्त दिने अन्तिम मितिः-**

**उम्मेदवारको उमेरको हदः-**